नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः२०७५/७६ मितिः- २०७५/१२/२७

चलानी नं.: ५०८

**श्री स्थानीय तहहरु सबै,**
**(दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, हुम्ला, जाजरकोट, सुर्खेत, दार्चुला, बैतडी, बझाङ, बाजुरा, डोटी, डडेल्धुरा, अछाम)**

**विषयः- निर्देशन सम्बन्धमा ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको च.नं. १३६, मिति २०७५/१२/११ को पत्रबाट स्थानीय तहका मुक्त कमैया तथा हलियाहरुको पुनःस्थापन कार्य चालु आर्थिक वर्ष २०७५/०७६ भित्रै पूर्णरुपमा सम्पन्न गर्न नेपाल सरकारबाट बजेट विनियोजन भई पुनःस्थापन कार्य अभियानका रुपमा सञ्चालन भैरहेको र मुक्त कमैया तथा हलियाहरुको पुनःस्थापन सम्बन्धी कार्यमा स्थानीय तहको समेत भूमिका प्रभावकारी हुने देखिएकोले स्थानीय तहलाई आवश्यक समन्वय र सहयोगका लागि अनुरोध गरिदिन यस मन्त्रालयलाई लेखि आएकोले उक्त कार्यक्रमको सफल कार्यान्वयनमा आवश्यक सहयोग र समन्वयका लागि आदेशानुसार अनुरोध छ । साथै भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको पत्र यसै पत्रसाथ संलग्न छ ।

.............................
जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थः-**
**श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।**

२८-२/२०७५(९/२११

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## भूमिसुधार तथा बसोबास व्यवस्थापन शाखा

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स:-४२३२२६२
४२११६४५
सिंहदरवार, काठमाडौं

प.सः३।२।१५-२०७५।७६
च.नं. १३६

मितिः २०७५।१२।११

विषयः मुक्त कमैया तथा हलिया पुनःस्थापन कार्यमा सहजीकरण गरिदिने सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

दर्ता नं.:- १६६३२
मिति:- ०७५।१२।२६

दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका मुक्त कमैया र हुम्ला, जाजरकोट, सुर्खेत, दार्चुला, बैतडी, बझाङ, बाजुरा, डोटी, डडेल्धुरा, अछाम, कैलाली र कञ्चनपुर जिल्लाका मुक्त हलियाहरुको पुनःस्थापन कार्य चालु आर्थिक वर्ष २०७५।७६ भित्रै पूर्णरुपमा सम्पन्न गर्न नेपाल सरकारबाट बजेट विनियोजन भई पुनःस्थापन कार्य अभियानका रुपमा सञ्चालन भैरहेको छ। मुक्त कमैया तथा हलियाहरुको पुनःस्थापन सम्बन्धी कार्यमा स्थानीय तहको समेत भूमिका प्रभावकारी हुने देखिएकोले उक्त जिल्लाहरुको स्थानीय तहलाई आवश्यक समन्वय र सहयोगका लागि तँहा मन्त्रालयमा अनुरोध गर्ने मिति २०७५।१२।०२ मा माननीय मन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकबाट निर्णय भएकोले उक्त कार्यका लागि तँहाबाट स्थानीय तहलाई निर्देशन हुन आदेशानुसार अनुरोध छ।

(रेमान सिंह राना)
शाखा अधिकृत